# प्रेस विज्ञप्ती

नेपालको संविधानको धारा ३४ को उपधारा (२) मा प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हकको व्यवस्था गरिएको छ । यसलाई कार्यान्वयन गर्ने क्रममा श्रम ऐन २०७४, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ र श्रम नियमावली २०७५ जारी भई लागू समेत भईसकेको छ ।

श्रम ऐन २०७४ को दफा १०६ र १०७ मा मन्त्रालयले प्रत्येक दुई वर्षमा न्यूनतम पारिश्रमिक निर्धारण गर्न नेपाल सरकार, ट्रेड युनियन र रोजगारदाता सङ्गठनको प्रतिनिधित्व हुने गरी एक स्थायी "न्यूनतम पारिश्रमिक निर्धारण समिति" रहने व्यवस्था छ । सो अनुरूप यस मन्त्रालयका सह-सचिव रामप्रसाद घिमिरेको संयोजकत्वमा वि.सं. २०७५ बैशाख ७ मा न्यूनतम पारिश्रमिक निर्धारण समिति गठन गरिएको थियो । उक्त समितिले न्यूनतम पारिश्रमिक निर्धारणको अन्तर्राष्ट्रिय अभ्यास, प्रचलित बजार मूल्य, देशको मौजुदा आर्थिक र मौद्रिक स्थिति, सामाजिक सुरक्षाको व्यवस्था, प्रतिष्ठानहरूको दिनसक्ने क्षमता, तुलनात्मक ज्यालादर, न्यूनतम आधारभूत आवश्यकताको परिपूर्ति तथा श्रमिकको उत्पादकत्वलाई मुख्य आधार मानी न्यूनतम पारिश्रमिक निर्धारण गर्ने प्रयास गरेको छ । त्यसैगरी रोजगारदाताको क्षमता र श्रमिकहरूको माग समेतलाई विचार गरी विभिन्न चरणमा भएका द्विपक्षीय, त्रिपक्षीय तथा बहुपक्षीय बैठक, छलफल र अन्तरक्रियाको परिणामस्वरूप सहमतिबाटै न्यूनतम पारिश्रमिक मासिक रू. १३,४५०।— प्रस्ताव गरे अनुरूप नै न्यूनतम पारिश्रमिक मन्त्रालयबाट निर्धारण गरिएको छ ।

मुलुकभर लागू हुने नयाँ न्यूनतम पारिश्रमिकको आधारमा दैनिक ज्याला रू. ५१७।— र प्रति घण्टा ज्याला रू. ६९।– तोकिएको छ । कायम भएको न्यूनतम पारिश्रमिकका आधारमा श्रमिकहरूको सञ्चय कोष, उपदान, सामाजिक सुरक्षा कोष कट्टी क्रमशः १० प्रतिशत, ८.३३ प्रतिशत र १.६७ प्रतिशत थप भई श्रमिक सामाजिक सुरक्षाको सुनिश्चितता गरिएको छ । यसका अलाबा श्रमिकले पाउने चाडपर्व खर्च, बिदा वापतको भूक्तानी, प्रसुती एवम् प्रसुती स्याहार खर्च र स्वास्थ्य एवम् दुर्घटना वीमा बापतको रकम समेतमा बृद्धि हुनेछ । करिब ३९ प्रतिशतले बृद्धि भएको यो न्यूनतम पारिश्रमिक एवम् सुविधा हालसम्मकै उच्च हो ।

स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्र एवं सामाजिक न्याय सहितको समृद्ध नेपाल निर्माण गर्ने सरकारको सोचलाई सबै नागरिकहरूले अनुभूति गर्नेगरी नेपाल सरकारले राखेको "समृद्ध नेपाल, सुखी नेपाली" अभियानलाई मूर्त रूप दिन र आर्थिक रूपमा सक्रिय जनशक्तिलाई मुलुकभित्रै रोजगारीको अवसर सिर्जना गर्नका लागि यो न्यूनतम पारिश्रमिक सहयोगी हुने विश्वास मन्त्रालयले लिएको छ । एकातर्फ देशभित्रै श्रमिकको माग बढ्दो अवस्थामा छ भने अर्कोतर्फ दैनिक हजारौंको संख्यामा युवाशक्ति विदेशिने क्रम रोकिएको छैन। यो विरोधाभासपूर्ण अवस्थालाई अन्त्य गर्न रोजगारीका सम्भाव्य क्षेत्रहरू पहिचान गरी देशभित्रै

व्यापक रोजगारीका अवसरहरू सिर्जना गरी रोजगारीका लागि विदेश जानुपर्ने स्थितिको अन्त्य गर्न हाल कायम भएको न्यूनतम पारिश्रमिकले सकारात्मक प्रभाव पार्नेछ भन्नेमा मन्त्रालय विश्वस्त छ ।

मुलुकमा औद्योगिकीकरणको विकास र असल श्रम सम्बन्ध कायम गरी श्रम शोषणका सबै रुपहरुको अन्त्यगरी उत्पादकत्व वृद्दि गर्न आपसी समझदारीमा श्रमिकहरूका लागि सम्माजनक पारिश्रमिक निर्धारण हुनु सबै पक्ष (सरकार, रोजगारदाता सङ्गगठन र ट्रेड युनियन) को लागि सुखद अनुभूति हो । त्रिपक्षीय सहकार्यको यो अभ्यासलाई आगामी दिनमा थप निरन्तरता दिनुपर्ने आवश्यकता छ । समाजमा कामको सम्मान गर्ने संस्कृतिको विकास गर्न श्रमिकहरूले आत्मसम्मानका साथ उत्प्रेरित भई काम गर्ने वातावरणका लागि पनि श्रमिकहरुको न्यूनतम पारिश्रमिकलाई समयानुकूल नियमित रूपमा पुनरावलोकन गर्नुपर्ने आवश्यकतामा कसैको विमती छैन ।

आजको यस निर्णयबाट उचित पारिश्रमिक पाउने श्रमिकको संवैधानिक हकको प्रत्याभूति हुनुका साथै असल श्रम सम्बन्धको विकास एवं श्रम शोषणको अन्त्य गरी श्रमिकको उत्पादकत्व अभिवृद्धिमा टेवा पुग्ने अपेक्षा गरिएको छ । यसको अतिरिक्त यस निर्णयले श्रम बजारमा रहेको जनशक्ति अभावलाई न्यूनीकरण गर्न समेत सघाउने विश्वास लिइएको छ । अन्तमा सरकारको न्यूनतम पारिश्रमिक पुनरावलोकन गरी नयाँ पारिश्रमिक निर्धारण गर्ने यो निर्णयले असल औद्योगिक सम्बन्धको विकास एवं औद्योगिक शान्ति र श्रमको उत्पादकत्व अभिवृद्धिमा थप योगदान पुग्नेछ । आज कायम भएको न्यूनतम पारिश्रमिक श्रमिकले प्राप्त गर्ने सुनिश्चितताका लागि सरकारले आगामी २०७५ श्रावण १ गते देखि आरम्भ गरी चरणबद्ध रूपमा मुलुकभर लागू गर्ने गरी श्रमिकले पाउने तलब तथा अन्य सुविधा बैंक खातामार्फत भूक्तानी हुने व्यवस्था मिलाउनेछ । यी सबै व्यवस्था कार्यान्वयनका लागि सरकार, ट्रेड युनियन र रोजगारदाता संघ सङ्गठनहरुबाट जिम्मेवार ढङ्गले दायित्व निर्वाह हुने विश्वास लिईएको छ।

२०७५/०३/२५
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदबार ।